चिचिला गाउँपालिकाद्वारा प्रकाशित

## स्थानीय राजपत्र

खण्डः२ सङ्ख्याः२२ मितिः २०७८/१२/१४

**भाग - २**

# गाँउ खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधी, २०७८ (पहिलो संशोधन)

प्रस्तावनाः स्वास्थको लागि खेलकुद चिचिलागाँउपालिकाको अभियान, स्वास्थ्य र सृजनशिल व्यक्ति चिचिला गाँउपालिकाको शान भन्ने मूलनारा सहित यस चिचिला गाँउपालिका क्षेत्रभित्र बसोवास गर्ने सम्पुर्ण गाँउवासीहरुलाई खेलकुद मार्फत स्वास्थ्य र सृजनशिल व्यक्ति व्यक्तिव्यको रुपमा विकास गर्नको लागि चिचिला गाँउपालिका खेलकुद विकास समिति गठन र सञ्चालन कार्यविधी आवश्यक भएकोले यो “गाँउ खेलकुद विकास समिति गठन र सञ्चालन कार्यविधी, २०७५”पारीत गरिएको छ।

**१.संक्षिप्तनाम र प्रारम्भः** (१) यस कार्यविधीको नाम“गाँउ खेलकुदविकास समिति गठन तथा सञ्चालन कार्यविधी,२०७५” रहेको छ।

(२) यो कार्यविधी तुरुन्तप्रारम्भ हुनेछ।

२.**परिभाषा र व्याख्याः** विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः-

(क) “गाँउपालिका”भन्नाले चिचिलागाँउपालिका सम्झनुपर्दछ।

(ख) “गाँउकार्यपालिका”भन्नाले चिचिलागाँउकार्यपालिका सम्झनु पर्दछ।

(ग) “गाँउपालिका प्रमुख”भन्नाले यस गाँउकार्यपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

(घ) “उपाध्यक्ष”भन्नाले यस गाँउकार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत”भन्नाले यस गाँउकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(च) “गाँउ खेलकुदविकास समिति”भन्नाले यस कार्यविधी बमोजिम गाँउपालिकाद्धारा सञ्चालनहुने खेलकुदसँग सम्बन्धित क्रियाकलापहरुलाई नियमन तथा आवश्यक सुधारात्मक कार्यहरु गर्नका लागि गरिएको समितिलाई सम्झनुपर्दछ ।

(छ) “वडा समिति”भन्नाले गाँउकार्यपालिकाको वडा समिति सम्झनुपर्दछ ।

(ज) “सभा”भन्नाले यस गाँउपालिकाको गाँउसभा सम्झनुपर्दछ ।

३.**गाँउ खेलकुदविकास समिति गठन**ःतपशिलका व्यक्तिहरु गाँउ खेलकुद विकास समितिमा सदस्यहरु हुन सक्नेछन्:-

क) चिचिलागाँउपालिकाको नागरिक,

ख) कुनै पनिफौजदारी अभियोग नलागेको,

ग) खेल क्षेत्र बुझेको वा खेल क्षेत्रलाई मायागर्ने ।

४.**गाँउ खेलकुदविकास समितिमा तपशिलका पदाधिकारीहरु रहने व्यवस्था रहेको छ:-**

क) गाउँपालिका अध्यक्ष -सल्लाहकार

ख) गाउँपालिका उपाध्यक्ष -सल्लाहकार

ग) सामाजिक विकास संजोक -सल्लाहकार

घ) कार्यपालिकाले तोकेको व्यक्ति एक जना, -अध्यक्ष

ङ) माध्यमिक विद्यालयका प्रध्यानध्यापकमध्येबाट गाँउपालिका अध्यक्षले तोकेको दुई जना, -सदस्य

च) चिचिला गाउँपालिका खेलप्रेमीहरुमध्येबाट गाँउपालिकाले छनौट गरेको दुई जना, -सदस्य

छ) चिचिला गाँउपालिका भित्रको क्लबहरुबाट चिचिला गाँउपालिकाले छनौट गरेको दुई जना, -सदस्य

ज) चिचिला गाँउपालिका शिक्षा शाखा प्रमुख एक जना, -सदस्य

झ) समितिको अध्यक्षले तोकेको व्यक्ति एक जना, -सदस्य-सचिव

**५. गाँउ खेलकुदविकास समितिको कार्यहरुः-**

(क) यस गाँउपालिकाबाट सञ्चालन गरिने विभिन्न खेलकुद क्रियाकलापहरुको सञ्चालन, नियमन, प्रवद्धन लगायतकाकार्य गर्ने,

(ख) गाँउ क्षेत्रभित्र सञ्चालन गरिने खेलकुदहरुको पहिचान गरी गाँउ कार्यपालिकामा पेश गर्ने,

(ग) खेलकुदको माध्यमबाट सम्पुर्ण गाँउवासीलाई एकिकृत गर्ने,

(घ) गाँउपालिकाको तर्फबाट प्रतिनिधित्व गरी अन्यकुनै ठाँउमा गई खेलकुद क्रियाकलापमा सहभागि हुन जाँदा व्यवस्थापन गर्ने,

(ङ) वार्षिक कार्यक्रमबनाई विभिन्न खेलकुदको आयोजना तथा सञ्चालनगर्ने,

(च) गाँउ खेलकुद विकास समितिले वार्षिक रुपमा कम्तिमा२ वटा गाँउस्तरिय वा कम्तिमा ३ वटा विद्यालयस्तर खेलकुद आयोजना तथा सञ्चालन गर्नु पर्नेछ, भने अन्य विभिन्न खेलकुद सम्बन्धि क्रियाकलापहरु गर्न गराउन सक्नेछ । गाउँस्तरीय खेलकुद अन्तरगत चिचिला कप र उपाध्यक्ष कप सञ्चालन गर्नु पर्नेछ ।

(छ) गाउँ खेलकुद विकास समितिले उप-समिति गठन गरी वडाहरुमा खेलकुद कार्यक्रम गर्न सक्नेछ ।

६. **खेलकुद प्रकृयाः** गाउँ खेलकुद विकास समितिले खेलकुदका कार्यक्रम गर्दा गाउँ कार्यपालिकाबाट निर्णय गर्नु पर्नेछ ।

**७.प्रतिवेदन पेश गर्नुपर्नेः**

गाँउ खेलकुद विकास समितिले आफ्नो सम्पुर्ण कार्यक्रमको अर्धवार्षिक रुपमा गाँउसभामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**८. खेलकुद विकास सतितिले पालना गर्नुपर्ने पूर्वशर्तः**

(क) खेलकुद विकास समितिले गाँउपालिकाद्धारा गरिएको निर्णयहरु पालना गर्नुपर्ने,

(ख) कुनै पनि खेलकुद कार्य आयोजना तथा सञ्चालनगर्न आवश्यक परेमा प्रस्तावाना सहित गाँउपालिकामा पेश गर्नुपर्ने,

(ग) गाँउ खेलकुद विकास समितिले आयोजना तथा सञ्चालन गर्ने खेलकुदहरु गतिविधिहरु सामाजिक सौहार्द्धपुण रुपमा, आर्थिक मितव्ययीता एवं सबैलाई समेट्न सक्ने गरी चुस्त दुरुस्त रुपमा गर्नुपर्नेछ,

(घ) आर्थिक गतिविधिहरु पारदर्शि, उत्तरदायी र जवाफदेही प्रकारको हुनुपर्नेछ,

(ङ) वार्षिक लेखापरीक्षणको व्यवस्था भै आधिकारिक निकायबाट सो अनुसार लेखापरीक्षण गरेको ।

९. **प्राप्त आर्थिक सहायताको तोकिएको प्रयोजनमा खर्च गर्नुपर्नेः** यस गाँउपालिकाबाट जुन प्रयोजनका लागि जे जति रकम विनियोजन भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्नुपर्नेछ ।

१०. **यसै कार्यविधी बमोजिम भए गरेको मानिनेः** यसअघि यस गाँउपालिकाबाट खेलकुद क्षेत्रमा विनियोजन गरिएका रकम समेत यसै कार्यविधी बमोजिम भए गरेको मानिनेछ ।

**११**. यसै कार्यविधि बमोजिम गठिन गाउँ खेलकुद विकास समिति कार्यपालिकाले आवश्यकता अनुसार विघटन गरी पुर्नगठन गर्न सक्नेछ ।

**१२.कार्यविधीको व्याख्या संशोधनतथा अनुसूची थपघटः**यस कार्यविधीको आवश्यक व्याख्या, संशोधन तथा अनुसूची थपघट गाँउकार्यपालिकाले गर्नेछ ।